# राष्ट्रिय मानव अधिकार आयोग

**National Human Rights Commission, Nepal**

केन्द्रिय कार्यालय Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


# प्रेस-विज्ञप्ति

२४ जेठ २०७७

## प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर ।

### क्वारेण्टिनहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को प्रभावबाट नेपाल पनि जटिल अवस्थामा रहेको र त्यसबाट हालसम्म मृत्यु भएका ११ जनामध्ये ९ जनाको मृत्यु क्वारेण्टिनभित्र भएको, २९०० बढी संक्रमित भएको र १ लाख ६७ हजारभन्दा बढी मानिस क्वारेण्टिनमा नै रहिरहेको गम्भीर स्थिति छ । संक्रमितहरुको संख्या दिनप्रतिदिन बढ्दो क्रममा रहेकोले संकट झनै लम्बिन सक्ने देखिएको छ । झापा, रौतहट, पर्सा, सर्लाही, सप्तरी, कपिलवस्तु, बाँके, दैलेख, कञ्चनपुरलगायत जिल्लाका अधिकांश क्वारेण्टिनहरु न्यूनतम मापदण्ड विपरीत सञ्चालनमा रहेकोले आधारभूत मानव अधिकार संरक्षणमा समेत उदासिनता देखिएको छ ।

लकडाउनको अवधिमा अनुगमन तथा समाचार संकलनको क्रममा हिँडेका सञ्चारकर्मीहरुमध्ये २२ जना सञ्चारकर्मीहरु गिरफ्तार, आक्रमण, धम्की र दुर्व्यवहारमा परेको, उनीहरुलाई सरकारी निकायहरुबाट सूचना प्रदान गर्न इन्कार गर्ने गरिएको, कतिपय श्रमजीवी पत्रकारहरुले पारिश्रमिक प्राप्त गर्न नसकेको, पत्रकारिता पेशाबाटै विस्थापित हुनुपर्ने परिस्थिति रहेको र कतिपय सञ्चारमाध्यमहरु बन्द हुने अवस्थामा रहेको जस्ता कारणहरुबाट नेपालको संविधानबमोजिमको विचार र अभिव्यक्ति स्वतन्त्रताको हक, सञ्चारको हक तथा सूचनाको हकबाट वञ्चित हुने देखिन्छ ।

अतः कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि देशभर सञ्चालित क्वारेण्टिनहरु मापदण्ड अनुरुप व्यवस्थित रुपले सञ्चालन गर्न, क्वारेण्टिनमा रहेकाहरुको पीसीआर परीक्षणलाई तीव्रता दिन, पत्रकारहरुलाई आवश्यक सूचना उपलब्ध गराउन, पत्रकारहरुमाथिको आक्रमण धम्की र दुर्व्यवहार रोक्न, श्रमजीवी पत्रकारहरुको पारिश्रमिक सुनिश्चित गरी सूचनाको पहुँचलाई सहज बनाउन, पत्रकारको सुरक्षाको सम्बन्धमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तथा कार्यक्रम ल्याई कार्य गर्न तथा नेपालको संविधानको धारा ५२ बमोजिम मौलिक हक तथा मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने राज्यको दायित्व प्रभावकारी रुपमा पूरा गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

............................

वेद भट्टराई

सचिव/प्रवक्ता